# लेखापरीक्षण प्रतिवेदन

# तिलागुफा नगरपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# तिलागुफा नगरपालिका, कालिकोट

आर्थिक वर्ष २०८१/८२


**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/659

श्रीमान् प्रमुखज्यू,

तिलागुफा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कालिकोट।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/659

श्रीमान् प्रमुखज्यू ,

तिलागुफा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

कालिकोट ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियतसहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले तयार पारेको वित्तिय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको आय व्ययतर्फ रु. १ अर्ब १० करोड ९६ लाख ९७ हजारको लेखापरीक्षणबाट रु. १ करोड ८२ लाख ९ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.११ लाख २० हजार फस्यौंट भई असुल गर्नुपर्ने रू. ६ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९७ लाख ३३ हजार , नियमित गर्नुपर्ने रु.४२ लाख ३७ हजार र पेस्की बाँकी रु.२४ लाख ५० हजार गरी जम्मा रु.१ करोड ७० लाख ८९ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.१३ करोड २७ लाख ८ हजारमध्ये रु. १३ लाख ७८ हजार फस्यौंट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजु रु.१४ करोड ८४ लाख १९ हजार बाँकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा -** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६६ | २६ | १,८२,०८,९८९ | १ | ७ | ११,१९,६५१ | ० | ६५ | १९ | १,७०,८९,३३८ | ६,६९,६०१ | ४२,३६,७८३ | ९७,३२,९५४ | ० | ० | १,३९,६९,७३७ | २४,५०,००० |

### अद्यावधिक बेरुजु स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कालिकोट | १३,२७,०८,१६१ | ० | १३,७८,४६० | १३१३२९७०१ | ० | १,७०,८९,३३८ | १४,८४,१९,०३९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ६४ | घटि पारिश्रमिक कर कट्टी गरेको | ३४,२१६ |
| २ | २०८१/८२ | ५४ | कालिका आधारभुत बिध्यालय | १०,००,००० |
| ३ | २०८१/८२ | ३५ | आवधिक योजना | ० |
| ४ | २०८१/८२ | | अग्रिम कर | ८५,४३५ |
| ५ | २०८०/८१ | | शिक्षा तर्फ | ४,०१,२६० |
| ६ | २०८०/८१ | | पूर्जींगत खर्चतर्फ | ५,६९,९०० |
| ७ | २०७९/८० | | वीलभर्पाई | २१,३०० |
| ८ | २०७९/८० | | कृषक सूचिकरण तथ्याङ्क(कृषितर्फ): | ३,००,००० |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७८/७९ | | पेश्की | ८६,००० |
| जम्मा | | | | २४,९८,१११ |

# तिलागुफा नगरपालिका, कालिकोट

# ( ८०६६५४०२३०० )

# तिलागुफा नगरपालिका , कालिकोट

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेका छन् भने क्षेत्रफल २६२.५६ वर्ग किलोमिटर तथा जनसंख्या १६१९७ रहेको छ ।

**ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।३१ देखि २०८२।५।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनोट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्व १० करोड ९६ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) एकिकृत आर्थिक विवरणः-** पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को एकिकृत आर्थिक विवरण निम्न बमोजिम रहेको छ :

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १सुरु मौज्दात | | ९२५०८२१ | चालुखर्च | | ३२७८२८२६९ |
| क)संचित कोष | ० | | १. पालिकातर्फ | १४५२४१२०८ | |
| ख)चालु खर्च खाता | १७९५९१३ | | २. संघीयसशर्त | १८१०४९७२७ | |
| ग)पूँजीगत खर्च खाता | १३९०१२८ | | ३. संघीयविशेष | ० | |
| घ)आन्तरिक राजस्ब खाता | १३१८४६६ | | ४. प्रदेशसशर्त | १५३७३३४ | |
| ङ)धरौटी | २०६९२२५ | | ५. प्रदेशविशेष | ० | |
| च).विविधकोष खाता | ११७९४२६ | | पुँजीगतखर्च | | ८०३५२९२३ |
| छ)राजस्व बाँडफाँट प्राप्त खाता | ४०७०७ | | १. पालिकातर्फ | ४४५१६२४९ | |
| ज)मर्मत कोष खाता | ११९२२३४ | | २. संघीयसशर्त | २८४५४९८ | |
| झ प्रकोप व्यवस्थापन कोष | ७३४१२ | | ३. संघीयविशेष | ० | |
| ञ)विभाज्य कोष खाता | २७१३१० | | ४. संघीयसमपुरक | ५३३३५१७ | |
| यसवर्षको आय | | | ५. प्रदेशसशर्त | २७६५७६५९ | |
| २.आन्तरिकआय | ३५८०८९६ | ३५८०८९६ | ६. प्रदेशविशेष | ० | |
| ३.वित्तीय हस्तान्तरण (संघ) | | ३८३६८१११९ | ७. प्रदेशसमपुरक | ० | |
| क)समानीकरण अनुदान | ९१३०१२०० | | अन्तरसरकारी अख्तियारी (संघ) | | ११७८५९७६० |
| ख)राजस्व बाँडफाँट | ८३१९५१५६ | | १) सामाजिकसुरक्षा | ९५९९६३४४ | |
| ग)सशर्त अनुदान | २०३८३९००० | | २)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५८०००० | |
| घ)समपुरक अनुदान | ५३३३६०५ | | ३) उच्चपहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिकसशक्तिकरण कार्यक्रम | १०००००० | |
| ङ)विशेष अनुदान | ० | | ४) स्थानीयसहयोग पूर्वाधार कार्यक्रम | १९२८३४१६ | |
| च)रोयल्टी | १२१५८ | | ५)विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | १०००००० | |
| ४.वित्तीय हस्तान्तरण (प्रदेश) | | ४३०३९६४८ | अन्तरसरकारी अख्तियारी (प्रदेश) | | १६०८००० |
| क)समानीकरण अनुदान | ११३७९००० | | १) आन्तरिकमामिला तथा कानून मन्त्रालय | १६०८००० | |
| ख)राजस्व बाँडफाँट | ७७५६४८ | | ऋणफिर्ता(साँवा) | | |
| ग)सशर्त अनुदान | ३०८८५००० | | ऋणको ब्याजभुक्तानी | | |
| घ)समपुरक अनुदान | ० | | धरौटीफिर्ता तथा सदर स्याहा | १५३३५५ | १५३३५५ |
| ङ)विशेष अनुदान | ० | | कार्यसञ्चालनकोषबाट भएको खर्च | | ४०९१६४४ |
| च)रोयल्टी | ० | | १ सडकबोर्ड नेपाल | ३३६६७२० | |
| छ)अन्य | | | २प्रादेशिक तथा स्थानीय सहयोग कार्यक्रम | ५१४४९१ | |
| ५.अन्तर सरकारी अख्तियारी (संघ) | | ११७८५९७६० | ३ विविधखर्च खाता खर्च | २१०४३३ | |
| क)सामाजिक सुरक्षा | ९५९९६३४४ | | अनुदानफिर्ता | | |
| ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५८०००० | | १. संघतर्फ | | १९८९१५०७ |
| ग)उच्च पहाडी एवं हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिकसशक्तिकरण कार्यक्रम | १०००००० | | क) सशर्तअनुदान | १९८९१४२० | |
| घ)स्थानीय सहयोग पूर्वाधार कार्यक्रम | १९२८३४१६ | | ख) विशेषअनुदान | ० | |
| ङ)विद्यालय शिक्षा क्षेत्र योजना केन्द्र स्तर | १०००००० | | ग) समपुरकअनुदान | ८७ | |
| ६.अन्तर सरकारी अख्तियारी (प्रदेश) | | १६०८००० | २. प्रदेशतर्फ | | १६९०००७ |
| क)आन्तरिक मामिला तथा कानून मन्त्रालय | १६०८००० | | क) सशर्तअनुदान | १६९०००७ | |
| ७.ऋण/ वित्तीय व्यवस्था | | | ख) विशेषअनुदान | ० | |
| ८.धरौटी आय | | ५१६०५८ | ग) समपुरकअनुदान | ० | |
| ९.कार्यसञ्चालन कोष आय | | ३८०३२२६ | अन्तिममौज्दात | | ११९९७१६७ |
| सडकवोर्ड नेपाल | ३३६६७२६ | | १. संचितकोषको मौज्दात | ४७७९३६२ | |
| प्रादेशिकतथा स्थानीय सहयोग कार्यक्रम | ४३६५०० | | २.धरौटी | २४३१९२८ | |
| १०.अन्य कोषको आय | | १०९५०३६ | ३.कार्यसञ्चालनकोष | ३६६५७२० | |
| क बाल हित कोष | ६३४६३६ | | ४. चालुखर्च खाता | २१३३९५ | |
| ख मर्मत सम्भार कोष | ३००४०० | | ४. पूँजीगतखर्चखाता | १६६१ | |
| ग कन्टिजेन्सी आय | १६०००० | | ५आन्तरिकअनुदान खाता | १००० | |
| ११गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | ६ विभाज्यकोष | २७१३१० | |
| १२.अन्य आय भएमा | | १०३८०६८ | ७ आन्तरिकराजस्ब खाता | ५५९३७९ | |

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| क.चेक साट्न बाँकी सञ्चय कोष तथा योगदानमा आधारित,राहत र तलब तथा अन्य | १०३८०६८ | | ८ प्रकोपव्यवस्थापन कोष | ७३४१२ | |
| जम्मा | | ५६५४७२६३१ | जम्मा | | ५६५४७२६३१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरणको परीक्षण

वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।लेखापरीक्षणका क्रममा पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ।

| प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब.को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोभैं भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोभैं भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८,६१,०८,३९३.३६ | ० | ८,६१,०८,३९३.३६ | ७,९३,३८,१३४.६७ | ० | ७,९३,३८,१३४.६७ |
| १३००० | अनुदान | ३४,२७,३७,८०४.५० | ० | ३४,२७,३७,८०४.५० | ३३,३१,५८,८६२.१० | ० | ३३,३१,५८,८६२.१० |
| १४००० | अन्य राजस्व | ९,१९,६४१.४३ | ० | ९,१९,६४१.४३ | १२,८७,६८९.८३ | ० | १२,८७,६८९.८३ |
| १५००० | विविध प्राप्ति | १,७५,०९१.३० | ० | १,७५,०९१.३० | ११,१३,४७०.०० | ० | ११,१३,४७०.०० |
| क | **कुल जम्मा प्राप्ति** | ४२,९९,४०,९३०.५९ | | ४२,९९,४०,९३०.५९ | ४१,४८,९८,१५६.६० | | ४१,४८,९८,१५६.६० |
| ३ | चालु | ३२,७८,२८,२६८.७३ | ० | ३२,७८,२८,२६८.७३ | ३३,२८,१०,५७२.४५ | ० | ३३,२८,१०,५७२.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | १५,१४,५१,६६७.९६ | ० | १५,१४,५१,६६७.९६ | १३,३४,७८,६७२.०२ | ० | १३,३४,७८,६७२.०२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १४,०१,०९,७४७.५७ | ० | १४,०१,०९,७४७.५७ | १०,०५,२६,३९१.४३ | ० | १०,०५,२६,३९१.४३ |
| २५००० | सहायता (Subsidy) | २,६७,३५,२३९.२० | ० | २,६७,३५,२३९.२० | ८,३१,२४,४२७.०० | ० | ८,३१,२४,४२७.०० |
| २६००० | अनुदान | ० | ० | ० | ६८,६३,५०९.०० | ० | ६८,६३,५०९.०० |
| २७००० | सामाजिक सुरक्षा | ५७,४६,६३४.०० | ० | ५७,४६,६३४.०० | ५४,२८,७८८.०० | ० | ५४,२८,७८८.०० |
| २८००० | अन्य खर्च | ३७,८४,९८०.०० | ० | ३७,८४,९८०.०० | ३३,८८,७८५.०० | ० | ३३,८८,७८५.०० |
| ४ | पूंजीगत | ८,०३,५२,९२२.९४ | ० | ८,०३,५२,९२२.९४ | १०,१९,८२,२७२.५० | ० | १०,१९,८२,२७२.५० |
| ३१११० | भवन तथा संरचना | २३,२५,०५९.५० | ० | २३,२५,०५९.५० | ३,४७,६७४.०० | ० | ३,४७,६७४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,४८,६५,८०७.०० | ० | १,४८,६५,८०७.०० | १,४२,३९,८८०.०० | ० | १,४२,३९,८८०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६,३१,६२,०५६.४४ | ० | ६,३१,६२,०५६.४४ | ८,७३,९४,७१८.५० | ० | ८,७३,९४,७१८.५० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४०,८१,८१,१९१.६७ | | ४०,८१,८१,१९१.६७ | ४३,४७,९२,८४४.९५ | | ४३,४७,९२,८४४.९५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | २,१७,५९,७३८.९२ | | २,१७,५९,७३८.९२ | (१,९८,९४,६८८.३५) | | (१,९८,९४,६८८.३५) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | (२४,२०,९४१.१७) | | (२४,२०,९४१.१७) | १६,६३,१४६.९६ | | १६,६३,१४६.९६ |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | -७५,७०६.७० | | -७५,७०६.७० | -६,२९७.०० | | -६,२९७.०० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | १,९३,३८,७९७.७५ | | १,९३,३८,७९७.७५ | (१,८२,३१,५४१.३९) | | (१,८२,३१,५४१.३९) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | १,२८,३८,०७८.९२ | | १,२८,३८,०७८.९२ | २,७८,६०,९४३.३५ | | २,७८,६०,९४३.३५ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३,२१,७६,८७६.६७ | | ३,२१,७६,८७६.६७ | ९६,२९,४०१.९६ | | ९६,२९,४०१.९६ |

२.१ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले

सामाजिक सुरक्षा तथा संरक्षणतर्फको रु.९५९९६३४४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमतर्फको रु.५८०००० लगायत संघतर्फको अन्तरसरकारी अख्तियारीमार्फत प्राप्त भई खर्च भएको जम्मा रु. ११७८५९७६० र प्रदेशतर्फको अन्तरसरकारी अख्तियारीमार्फत प्राप्त भई खर्च भएको जम्मा रु. १६०८००० समेत गरी कुल रु.११९४६७७६० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. (३५८७२५८) यस वर्षको प्राप्ति रु.१२६२८०८८० यस वर्षको भुक्तानी रु.१४५२९४२७२ र बैङ्क मौज्दात रु.(२०१७९७०९) फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) (क) | १२८३८०७९ | ४२९९४०९३० | ४०८१८११९२ | ३२१७६८७६ |
| एकीकृत आर्थिक विवरणअनुसार (ख) | ९२५०८२१ | ५५६२२१८१० | ५५३४७५४६४ | ११९९७१६७ |
| फरक (ख)-(क) | (३५८७२५८) | १२६२८०८८० | १४५२९४२७२ | (२०१७९७०९) |

२.३ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको एकीकृत वित्तीय प्रतिवेदन (सुत्र प्रणालीबाट सिर्जित २७०-१) अनुसार रु. ९६,२९,४०१.९६ मौज्दात रहेकोमा यो वर्ष रु.१,२८,३८,०७८.९२ जिम्मेवारी सारेको छ । यसरी रु.३२०८६७७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

२.४ कर दायित्व - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) तथा सुत्रको म ले प फा न २०७ अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७५७०६।७० दाखिला नगरी बाँकी देखाएको छ । यकिन भई सकेको निम्नानुसारका कर तथा दायित्व मध्ये रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | संकेत | शीर्षक | | डेबिट | क्रेडिट | मौज्दात |
|---|---|---|---|---|---|---|
| विनियोजनतर्फ | | | | | | |
| १ | २०२७ | अग्रिम कर एकलौटी फर्म तथा व्यक्तिगत आय - १११११ | | ११,१२,८५९.०० | ११,१३,६०३.०० | (७४४.००) |
| २ | ११११३१ | बहाल कर -आ.रा.का. | | ३,९९,८९८.०० | ३,९७,३९८.०० | २,५००.०० |
| ३ | २०२९ | सामाजिक सुरक्षा कर-११२११ | | १०,३९,०१०.९४ | १०,४९,०३१.६४ | (१०,०२०.७०) |
| कार्यसञ्चालन कोषतर्फ | | | | | | |
| १ | २०२७ | अग्रिम कर एकलौटी फर्म तथा व्यक्तिगत आय - १११११ | | २८,१८६.०० | ५५,०८८.०० | (२६,९०२.००) |
| २ | ११११३१ | बहाल कर -आ.रा.का. | | ६,२५०.०० | १२,५००.०० | (६,२५०.००) |
| ३ | २०२९ | सामाजिक सुरक्षा कर-११२११ | | ४५,२८६.०० | ७९,५७६.०० | (३४,२९०.००) |
| जम्मा | | | | | | (७५७०६.७०) |

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेस गरेको विवरण बमोजिम वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| क्र सं | खाताको विवरण | श्रेस्ता अनुसार | बैंक अनुसार | फरक रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | संचित कोष खाता | ४७७९३६२ | ४७७९३६२ | ० | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक |
| २ | धरौटी खाता | २४३१९२८ | २४३१९२८ | ० | |
| ३ | विविध खर्च खाता | ३६६५७२० | ३६६५७२० | ० | |
| ४ | चालु खर्च खाता | ० | २१३३९५ | २१३३९५ | |
| ५ | पुँजीगत खर्च खाता | ० | १६६१ | १६६१ | |
| ६ | आन्तरिक राजस्व खाता | ० | ५५९३७९ | ५५९३७९ | |
| ७ | बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० | ० | |
| ८ | आन्तरिक अनुदान खाता | ० | १००० | १००० | |
| ९ | प्रकोप व्यवस्थापन कोष खाता | ७३४१२ | ७३४१२ | ० | |
| १० | विभाज्य कोष खाता | २७१३१० | २७१३१० | ० | |
| जम्मा | | ११२२१७३२ | ११९९७१६७ | ७७५४३५ | |

पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण फरक परेको सम्बन्धमा कारण यकिन गर्न सकिएन । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

## ३ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले यस आ वमा प्रवाह गरेको सेवा प्रवाहको स्थिति देहाय बमोजिमको रहेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सहज, सरल र प्रभावकारी ढंगले प्रवाह गर्दै त्यसको व्यवस्थित अभिलेखीकरण समेत गर्नुपर्दछ ।

| **विवरण** | **संख्या** |
|---|---|
| जन्मदर्ता | ६३२ |
| मृत्युदर्ता | १९४ |
| बसाईसराई दर्ता | ३३ |
| विवाह दर्ता | १६६ |
| सम्बन्धविच्छेद दर्ता | २ |

## ४ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले मिति २०८१।०३।१०मा रु.६० करोड ५९ लाख

६७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।२६ मा पारित भएको छ । तोकिएको म्याद भन्दा ढिला बजेट स्वीकृत भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको पेस भएको विवरणबाट देखिन्छ । कानुनले तोकेको अवधिभित्र नै बजेट पेस र पारित गर्नुपर्दछ ।

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

६ **आवधिक योजना**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ **योजना तथा वजेट कार्यान्वयन**

पालिकाको योजना तथा बजेट कार्यान्वयनको क्रममा देखिएका केही प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• स्थानीय सरकार ऐन २०७४ को दफा २४ मा पालिकाले स्थानीय स्तरमा नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा लक्ष्य अनुकुल हुने गरी आवद्यिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था भए अनुरुप आवद्यिक योजना बनाई कार्यान्वयन गरेको पाइएन ।

• दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सूचि बनाई कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• आर्थिक वर्षको अन्त्यमा बढी पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. ९ करोड ९८ लाख ११ हजार भएकोमा प्रथम त्रैमासिकमा रु. ४९ लाख ९७ हजार, दोश्रो त्रैमासिकमा रु. १ करोड ३९ लाख ८८ हजार, तेस्रो

त्रैमासिकमा रु. ८७ लाख १६ हजार, चौथो त्रैमासिकमा रु. ६ करोड ४३ लाख १० हजार र असार महिनामा मात्रै रु. ६ करोड ८ लाख १४ हजार खर्च भएको देखिन्छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च गर्नुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० लाख भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा बार्षिक योजना तयार गर्नुपर्नेमा पालिकाले रु ९ करोड ९८ लाखको पूँजिगत खर्च गरेकोमा बार्षिक खरिद योजना तयार गरेको पाइएन ।

• आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन ।

• पालिकाको स्थानीय राजस्व अभिवृद्धिको लागि राजस्व सुधार योजना तयार गरी सो अनुरुप राजस्व संकलनका विधि, उपकरण तथा जनशक्ति परिचालन गर्नुपर्नेमा गरेको पाइएन ।

• स्थानीय तथ्याकं तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वियन गरेको पाइएन । यसबाट स्थानीय तथ्याकं व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनिय देखिएन ।

उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वियनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म विभिन्न विषयगत ऐन १३, र कार्यविधि तथा निर्देशिका ६७ गरी ८० कानुन निर्माण गरेको छ । बनाइएका कानून तथा बाँकी अन्य बिषयगत कानूनहरु पनि समयमै तयार गरी प्रभावकारी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

## १० आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले आन्तरिक लेखापरीक्षण गराएको पाइएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई र सो बाट कायम भएका बेरुजु समयमै फस्र्यौट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ११ आर्थिक सहायता

कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन।आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले खास प्रतिफल नदिने हुन्छ।यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गत विगतमा सुझाव दिंदै आएको भएतापनि पालिकाले यस बर्ष ५२ जनालाई राहत, खाद्यान्न, औषधीउपचार लगायतमा रु. १२७९५१५। आर्थिक सहायता बितरण गरी खर्च लेखेको छ । यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।

## १२ जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। कार्यालयले वडाकार्यालय तर्फका गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। वडा कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual

दाखिला गरेको देखियो।वडा कार्यालयले खरिद गरेका जिन्सी सामान पालिकाको PAMS मा जिन्सी दाखिला गरि जिन्सी व्यवस्थापनलाइ प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

## १३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाइएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन ।

• दिगो विकास लक्ष्य पूरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख खडा गरी व्यवस्थित गरेको देखिएन ।

• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिई प्रतिवेदनका व्यहोरा कार्यान्वियन गरेको देखिएन ।

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेश गरेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत संभार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन ।

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्दछ ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भए नभएको सम्बन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्यान्वियन अवस्थासंग आबद्ध गरेको देखिएन । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १४ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत आर्थिक बर्षसम्म फर्स्यौट नभई यो आर्थिक बर्षमा जिम्मेवारी सरेका मुद्दा सँख्या १, यो आर्थिक बर्षमा दर्ता भएका मुद्दा सँख्या १ गरी कुल २ वटा मुद्दा तथा उजुरी रहेकोमा १ मुद्दा तथा उजुरी फर्स्यौट भई १ वटा मुद्दा आगामी बर्षको लागि जिम्मेवारी सरेको देखिन्छ । बाँकी मुद्दा पनि समयमै फर्स्यौट गरिनुपर्दछ ।

## १५ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| क्र.सं. | क्षेत्र | बजेट | खर्च |
|---|---|---|---|
| १ | आर्थिक विकास | १२७५७६०० | ९७५०७६८ |
| २ | सामाजिक विकास | २५९०४१५०० | २३१७१७६०४ |
| ३ | पूर्वाधार विकास | ८६७६६३८४ | ४३९०४७१८ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२५६३००० | ९२२८३६२ |
| ५ | वातावरण तथा विकास | ३००००० | २९०१५५ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२७८२३२५८ | ११३२८९५२८ |
| | जम्मा | ४९९२५५१७४२ | ४०८१८११९२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा २५ करोड ९० लाख विनियोजन भएको छ भने सबैभन्दा कम वातावरण तथा विकास क्षेत्रमा ३ लाख बजेट विनियोजन भएको छ । अतः पालिकाको एकीकृत, समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

१६ **खर्च विश्लेषण**

पालिकामा यस वर्ष राजस्व बाँडफाँडबाट रु.८३९७०८०४, अनुदानबाट रु.३४२७४९९६३, गतवर्षको मौज्दात सहित आन्तरिक श्रोतबाट रु.१२८३१७१७ समेत रु.४३९५५२४८४ आम्दानी भएकोमा चालुतर्फ रु. ३२७८२८२६९ र पुँजीगततर्फ रु. ८०३५२९२३ गरी जम्मा रु.४०८१८११९२ खर्च भएको छ । पालिकाको यस वर्षको कुल आन्तरिक आय रु. ३५८०८९६ ले कुल चालु खर्चको १.०९ प्रतिशत वा पालिकातर्फको कुल पुँजीगत खर्चको ४.४५ प्रतिशत मात्र धान्न सकेको अवस्था देखिन्छ । तसर्थ पालिकाले प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा पुँजी विकासका लागि परिचालन गरी आयको दीगो श्रोत निर्माणमा ध्यान दिनुपर्दछ ।

१७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१८ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ सँग सम्बन्धित अनुसूची ११ मा आयोजना प्राथमिकिकरणका सामान्य आधार र क्षेत्रगत आधारहरु उल्लेख भएकोमा सोही बमोजिम योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार वडाको लागि वडागत र पालिकास्तरका गरी कुल योजनामा वजेट विनियोजन गरेकोमा रु ५ लाख मुनिका आयोजना मात्रै कुल आयोजनाको ७५ प्रतिशत रहेको देखिन्छ । योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम योजना छनौट नगर्ने र स–साना टुक्रे आयोजनामा रकम विनियोजन गरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिका स्तरीय | ४४ | १ | १० | ३३ |
| **जम्मा** | | **४४** | **१** | **१०** | **३३** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरसमेत कायम गर्न कठिन हुन सक्ने देखिएको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी प्रभावकारी ढंगले योजना कार्यान्वयन गर्नुपर्दछ ।

## १९ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले बजेट कार्यान्वियनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं.५०५) तयार नगरेको ।

• सम्पन्न आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने नगरेको ।

• आयोजना कार्यान्वियनमा पालिकाले गुणस्तर परीक्षण गर्ने गरेको भएतापनि आयोजना ठेक्कामा गुणस्तर आश्वस्तता योजना पेश गर्ने तथा गर्न लगाउने र सो अनुरुप गुणस्तर कायम भए नभएको मूल्याङ्कन नगरेको ।

• सम्झौता अनुसार कार्यसम्पन्न भई कार्य स्वीकार प्रतिवेदन जारी भएर त्रुटी सच्चाउने अवधि बाँकी भएका ठेक्काहरुको सम्बन्धमा अनुगमन गरी मर्मत गराउन लगाएको अभिलेखबाट देखिएन । यसबाट खरिद कानूनमा भएको त्रुटी सच्याउने अवधि सम्बन्धी व्यवस्थाको परिपालना सहि तवरले भएको छ भनी आश्वस्त हुन सकिएन ।

पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वियन तथा मूल्याकंन कार्यलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ ।

## २० पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार गत वर्षसम्मको पेश्की रु.२३५९४२८ र यस वर्षको रु. ३०८७५९० समेत रु. ५४४७०१८। रहेकोमा आ व २०८१।८२ को असार मसान्तसम्म बाँकी रहेको को देहायबमोजिम रु. २४५००००। पेश्की रकम म्याद नाघेको समेत नियमानुसार फर्स्यौट हुनुपर्ने रु.

| क्र.सं | गोश्वारा भौचर | पेश्की लिनेको नाम | म्याद नाघेको पेश्की रकम |
|---|---|---|---|
| १ | ७५ | रतन सिंह नेपाली | ६००००० |
| ३ | ५ | कालिका माध्यामिक बिध्यालय छाप्रे | ५०००० |
| ४ | ६७,६८ | जगदम्बा इन्जिनियरिङ्ग वर्कस | १८००००० |
| | | जम्मा | २४५०००० |

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | २४,५०,००० |

२१ **मेशिनरी तथा औजार मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीमा सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले पालिका ,स्वास्थ्य संस्था तथा वडा कार्यालयको मेशिनरी तथा औजार मर्मत सम्भार तथा सन्चालन शिर्षकमा रु. १३८२०५५ खर्च गरेकोमा कति पएमा मर्मत आदेश नहुनुका साथै मर्मत सम्भार तथा अभिलेख संरक्षण खाता संलग्न नगरी खर्च लेखेको पाइयो । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२२ **कार्यालय सम्बन्धी खर्च**

कार्यालय सम्बन्धि खर्च कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिका ,स्वास्थ्य संस्था तथा वडा कार्यालयको प्रयोजनको लागी पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु. ७१५७१३२ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

२३ **वडाको जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिका कार्यालयबाट खरिद भएका जिन्सी मालसमानहरुको अभिलेख प्रयोजनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएको भएतापनि पूर्ण नरहेको, वडागत रुपमा खरिद भई थप भएका वा वडाको जिन्सीमा दाखिला भएका जिन्सी समानहरुको अभिलेख एकिकृत रुपमा नहुँदा लेखापरीक्षणको क्रममा पालिकाको सबै जिन्सी समानहरुको बिष्लेषण गर्न सकिएन । वडागत रुपमा बजेट विनियोजन भई वडा तहबाट नै खरिद प्रक्रिया शुरु भई खरिद भएका खर्च हुने र नहुने सबै जिन्सी समानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नरहेको र म्यानुअल अभिलेख प्राप्त भएकोले वडागत जिन्सी समानको यथार्थता एकिन गर्न सकिएन । सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीलाई वडातहसम्म लागु गरी सबै सरकारी सम्पत्तीहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई प्रभावकारी बनाइनुपर्दछ । यसका केहि उदाहरण देहायबमोजिम रहेका छन्

| भौ.नं./मिति | फर्मको नाम | वडा नम्बर | कामको बिबरण | रकम |
|---|---|---|---|---|
| २-०८१-६-१० | शुभम अर्डर सप्लायर्स | २ | पिफोम,कार्पेट,हेभी कुर्सि | २५०१८२ |
| १४०-०८२-३-१९ | पुष्पा जनरल एण्ड अर्डर सप्लायर्स | २ | एच.डि.पि.पाईप | ९९४४० |
| ११९-०८२-३-१० | पाण्डे फर्निचर उधोग | ४ | सोफा,कम्प्युटर टेवल,चिया टेवल | ९८८७५ |

२४ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन**

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ बमोजिम रु २० लाख मुनीको परामर्श सेवा खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा ३ वटा परामर्शदाताबाट लिखित रुपमा आर्थिक र प्राविधिक प्रस्ताव छुट्टा छुट्टै माग गरी मूल्याङ्कन गरी सोही अनुसार खरिद कारवाहीको व्यवस्था छ। पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा प्याकेजिङ्ग नगरी विभिन्न टुक्रा खरिद मार्फत रु २०७९१८३। खर्च

गरेको छ । पत्रपत्रिका तथा सूचना प्रकाशनमा खर्च गर्दा सकेसम्म उपर्युक्त व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक तरिकाले खरिद गर्ने र विज्ञापन ऐनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

२५ **भ्रमण अभिलेख एवं प्रतिबेदन**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार भ्रमण खर्चमा रु. २८३१६८८। र अनुगमन मुल्याङ्कनमा रु.३५७८१५१। समेत रु.६४०९८३९। खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान मान्मा समेतको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२६ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ मा तलवी प्रतिवेदन पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै कर्णाली प्रदेश निजामती सेवा ऐन मा प्रदेशको कुनै कार्यालयमा कार्यरत निजामती कर्मचारीको तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गरिने छैन भन्ने उल्लेख छ । यस वर्ष पालिकाले कर्मचारी पारिश्रमिक शिर्षकमा रु.१६२७१३८५ खर्च लेखेकोमा नगरसभाबाट वा सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित भएको देखिएन। तलबी प्रतिवेदन वा विवरण नहुँदा खर्च लेखिएको तलब स्केल र ग्रेडको यथार्थता भिडान गर्न सकिएन। तलवी प्रतिबेदन पारित विना तलब खर्च लेख्ने परिपाटिमा सुधार हुनुपर्दछ । कार्यपालिका एकमुष्ट पारित गरी तलब भुक्तानी गर्ने गरेको कार्यालयले जनाएको छ । कानुनको पालना गरी तलबी प्रतिबेदन पारित गरी खर्च गर्ने तर्ज पालिकाको ध्यान जानुपर्दछ ।

२७ **उद्घाटनको लागि हेलिकप्टर भाडा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर ३६८-०८१-११-०६ मा त्रीबेणी एडभेन्चर प्रा.ली लाई सुर्खेत देखी तिलागुफा श्री महादेब मा.बि वडा नम्बर १० को बिध्यालय तथा वडा कार्यलय उद्घाटन कार्यमा मुख्यमन्त्री तथा माननियलाई हेलिकप्टर चार्टर गरि ल्याए बापत बिजक नम्बर ०४४-०८१-३-२० को बिल रु. १९९९६६। रहेकोमा रु. १०००००। भुक्तानी गरेको उचित देखिएन ।

२८ **सवारी साधन भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवाको लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमितहुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१घ) मा पटक पटक सिमाभन्दा वढी रकमको एउटै व्यक्ति फर्म कम्पनी वा संस्थावाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नपाउने, २० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा शिलवन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यावस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी आवश्यकताको पहिचान तथा प्रयोजन समेत नखुलाई बिभिन्न मितिमा सवारी साधन भाडामा लिएको उल्लेख गरी रु १७१२२००। गाडी भाडा खर्च लेखेको छ । कानुनी प्रकृया पुरा गरी प्रयोजन समेत खुलाई खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| भौ.नं. मिति | फर्म। नाम | रकम |
|---|---|---|
| १४४-०८१-८-२० | धर्मराज शाही | ७४००० |
| १८२-०८१-९-१ | बिष्णु प्रसाद पाण्डे | १६०००० |
| २१०-०८१-९-७ | प्रेम बहादुर शाही | ३३६००० |
| २०४-०८१-९-७ | योगेन्द्र सिंह थापा | ५४००० |
| | राम बहादुर दमाई | २७००० |
| २५२-०८१-९-११ | भुपेन्द्र मल्ल | १४२००० |
| २४०-०८१-९-१० | तपेन्द्र बहादुर शाही | ४८००० |

२९ **शिर्षक फरक**

एकिकृत आर्थिक संकेत बर्गिकरण र ब्याख्या २०७४ (दोस्रो परिमार्जन २०७६)ले सरकारी आर्थिक कारोबारमा पारदर्शिता कायम गरी वित्तीय प्रतिवेदनलाई तुलनायोग्य बनाउन खर्च रकमलाई निश्चित आर्थिक संकेत बर्गिकरण र ब्याख्याको व्यवस्था गरेको छ ।सरकारी निकायले खर्च लेख्दा सोही बमोजिम सम्बन्धीत खर्च शिर्षकबाट खर्च लेख्नुपर्दछ । यसरी शिर्षक फरक पारी रु.४६२०६८ खर्च लेख्नु उचित नदेखिएको खर्च रकम नियमित गर्नुपर्ने रु.

| भौ.नं. मिति | ब्यक्ती।फर्म | बिबरण | खर्च लेखाङ्कन गर्नुपर्ने शिर्षक | लेखाङ्कन गरेको शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १२०-०८१-६-१८ | एभरेष्ट वायरलेस नेटवर्क प्रा.ली | कार्यालयमा जडान इन्टरनेटको रकम | संचार,मसलन्द | पदाधिकारी पत्रपत्रीका | १५४२४५ |
| ३१८-०८१-१०-३० | उपेन्द्र शाही र दिपक परियार | गाडी भाडा | सवारी साधन भाडा | अनुगमन मुल्याङ्कन तथा सवारी साधन मर्मत | २०९१०० |
| ६८६-०८२-३-१९ | बि.पि बुक्स एण्ड स्टेशनररी | ओडोनिल,हर्पिक लगायत सरसफाई सामान | मसलन्द | पुस्तक तथा सामाग्री | ९८७२३ |
| | | | | अनियमित भएको | ४,६२,०६८ |

३० **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी नगर प्रमुख तथा कर्मचारीबाट कुपन काटी कतिपय कुपनमा गाडी नं. समेत उल्लेख नगरी यस वर्ष इन्धन पदाधिकारिमा तथा बडामा रु. १३८६८१७ र कार्यालय तथा अन्य प्रयोजनमा रु.३०२७४६४। समेत रु.४४१४२८१। खर्च गरेको छ। कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौंट गर्नुपर्दछ । अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।

यसरी खर्च गरेका केहि उदाहरण

| भौ.नं./मिति | फर्मको नाम | रकम |
|---|---|---|
| ४१-०८१-६-१३ | फोइमहादेब आयल स्टोर एण्ड अर्डर सप्लायर्स | २६७८५२ |
| ४३-०८१-६-१३ | महादेब ट्रेडर्स | १४७७०० |
| १०९-०८१-६-१७ | फोइमहादेब आयल स्टोर एण्ड अर्डर सप्लायर्स | ११२०२८ |
| २५७-०८१-९-११ | महादेब ट्रेडर्स | १५५००५ |
| २५१-०८१-९-११ | महादेब ट्रेडर्स | १३८९०५ |
| ५९५-०८२-३-७ | फोइमहादेब आयल स्टोर एण्ड अर्डर सप्लायर्स | ६५२५२३ |

३१ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । त्यस्तै सोही नियमावलीमा सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले यो बर्ष सवारी साधन मर्मत शिर्षकमा रु ४६७९१०१ खर्च गरेकोमा कतिपय भौचरमा (म.ले.प.फा.नं. ४१५) मर्मत सम्भार तथा अभिलेख संरक्षण खाता संलग्न नगरी खर्च लेखेको पाइयो । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

| भौ.नं. मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १००-०८१-६-१६ | एटु जेट अटो पार्टस एण्ड सर्भिस सेन्टर | एम्बुलेन्स मर्मत | ४९७१५० |
| २०६-०८१-९-७ | मिड वएस्ट सप्लायर्स | स्कर्पियो गाडी | ३७४४८२ |
| २०५-०८१-९-७ | नबिन शाही | बोलेरो मर्मतका बिभिन्न बिल | १२९५१५ |
| ३०३-०८१-१०-२२ | युनिभर्सल अटो ल्याण्ड | स्कर्पियो गाडी | ६३४९४७ |
| ३०२-०८१-१०-२२ | मिड वएस्ट सप्लायर्स | एम्बुलेन्स मर्मत | ३८७७५९ |
| ८३६-०८२-३-२५ | लोकेन्द्र महतारा | ऊ अटो सर्भिसको बिल (एम्बुलेन्स मर्मत) | ३२४२६५ |
| ८४८-०८२-३-२५ | तिला सुप्रिया अटो पार्टस | मोटरसाईकल मर्मत | १२६९४५ |

३२ **वडा संचालन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं.38 मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १ देखि ११ वडामा जम्मा रु.६६०००००० बिनियोजन गरी खर्च गरेको छ । वडा संचालन खर्चको श्रेस्ता परिक्षण गर्दा सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, दाखिला प्रतिवेदनमा जिन्सी खाता पाना नम्बर उल्लेख नगरेको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिनुको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार

पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।

यसका केहि उदाहरण

| भौ.नं. मिति | नाम | वडा नम्बर | खर्च रकम |
|---|---|---|---|
| ७७-०८१-६-१६ | राजेन्द्र बहादुर खत्री | १ | ११२०००० |
| ७९-०८१-६-१६ | बलभद्र बिश्वकर्मा | २ | १०४००० |
| ८१-०८१-६-१६ | शिवराज शाही | ३ | ११९८९६ |
| ८३-०८१-६-१६ | गोकुल थापा | ४ | ६१९०० |
| २२५-०८१-९-९ | गोकुल थापा | ४ | १७४३१५ |
| ६१९-०८२-३-११ | गोकुल थापा | ४ | २१३५९५ |
| २२६-०८१-९-९ | बिबेक बिश्वकर्मा | ५ | ८८६०९ |

३३ **पुस्तक बिमोचनको आर्थिक सहायता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचर नम्बर २६२-०८१-९-१२ बाट बि.पि कोइराला सोसलिष्ट इन्टरनेशनल नेपाल लाई स्थानिय सरकार र बि.पि को समाजबाद नामक पुस्तक प्रकाशन भई पुस्तकको लेखन,सम्पादन,प्रकाशन र बिमोचन कार्यक्रमको लागी नगर प्रमूखको तोक आदेश अनुसार रु. १०००००। पत्रपत्रीका छपाई शिर्षकबाट आर्थिक सहायता प्रदान गरेको देखियो । पुस्तक प्रकाशन तथा बिमोचन कार्यको लागी आर्थिक सहायता दिएको उचित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

३४ **बृत चित्र निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ बमोजिम अन्य सेवाको लागत अनुमान नियम ९ को अधिनमा रहि मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले जनप्रतिनिधि निर्बाचित भएर आईसकेपछि भए गरेका बिकास निर्माण गतिबिधी समेटिएको २ वटा २५-२५ मिनेटको बृत चित्र निर्माण तथा प्रशारण कार्यको लागी उल्लेखित नियम अनुसार लागत अनुमान तथा सो को लागी लाग्ने दर समेत एकिन नगरी सो कार्यको लागी कोटेशन माग गरी सबै भन्दा कम दर पेश गर्ने पब्लिक इन्टरेष्ट मिडिया प्रा.लि ले प्राईम टाइम्श टेलिभिजन र अनलाईन सरोकार डिजिटल पत्रिका मार्फत प्रशारण बापत रु.१४१२४०। समेत रु. ९९४४००। पेश गरेको आधारमा कार्य गरी खर्च लेखेको छ । कानुनमा भएको ब्यबस्था बमोजिम लागत अनुमान तयार नगरेकोले खर्च रकम मितब्ययी भएको छ भनी आश्वस्त हुन सकिएन । उल्लेखित कानुनको पालना बेगर बृत चित्र प्रशारण भएको प्रमाण समेत संलग्न नगरी खर्च गरेको रकम प्रशारणको प्रमाण समाबेश गरि नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९४,४०० |

३५ **अग्रिम कर**

आयकर ऐन,२०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा( मूल्य अभिवृद्धि करमा दर्ता नभएका) संस्थाहरुले भुक्तानी लिएको रकममा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसार संस्थाहरुले बिजक जारि नगरेको अवस्थामा नपुग अग्रिम कर रु.२३५४३५ । असुल गरी राजश्व दाखिला गर्नुपर्नेमा सो नगरेकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ.नं./मिति | फर्मको नाम | कार्यक्रम | रकम | अग्रिम कर रकम | कट्टि रकम | नपुग कर |
|---|---|---|---|---|---|---|
| ५४१-०८२-३-०१ | सहयोगी हात हरुको समुह,सहास नेपाल | सिचाई,खानेपानी,कृषि,लधु उधम सम्बन्धि कार्य | १०००००० | १५०००० | - | १५०००० |
| ५८३-०८२-३-०६ | गोल्डेन मल्टि बिजनेश एण्ड ट्यूसन सेन्टर | युवायुबतीहरुलाई लागु औषध नियन्त्रण सम्बन्धि जनचेतना तथा प्रशिक्षण कार्यक्रम | ७७२००० | ११५८०० | ३०३६५ | ८५४३५ |
| | जम्मा | | | | | २३५४३५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-११** को निर्णयले रू **८५,४३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १,५०,००० |
|---|---|

३६ **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याइ हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु. ५६१६१७६। खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।

यसरी खर्च गरेका केहि उदाहरण

| भौ.नं. मिति | फर्मको नाम | खर्च बिबरण | रकम |
|---|---|---|---|
| ५०९-०८२-१-२६ | स्नोफल होटल एण्ड रेष्टुरेन्ट | खाना,नास्ता,रुम | ११६६४७ |
| ५११-०८२-१-२६ | स्नोफल होटल एण्ड रेष्टुरेन्ट | खाना,नास्ता,रुम | ११८२२० |
| ४५५-०८२-१०-५ | स्नोफल होटल एण्ड रेष्टुरेन्ट | खाना,नास्ता,रुम | २१२५२९ |
| ३५६-०८१-११-०५ | पाथिभारा पुर्बेली होटल | खाना,नास्ता,रुम | १५०८६० |
| २९५-०८१-१०-२१ | होटल लेकाली,सुर्खेत | खाना,नास्ता,रुम | ५५००० |
| ८५०-०८२-३-२५ | होटेल मोनर्क प्रा.लि | खाना,नास्ता,रुम | २०२००० |

३७ **आयोजना अनुगमन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रायजसो वडास्तरिय कार्यक्रम वडा अध्यक्ष र नगरस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उप प्रमुखको अध्यक्षतामा रहेको नगरस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । अनुगमन बाट यति खर्चमा बनेको आयोजना अनुगमन भनी उल्लेख गरेतापनि योजनाका कमि कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सबै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमि कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ । साथै अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

३८ **सीमा भन्दा बढीको खरिद कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.१० लाख भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी पटक पटक सिमा भन्दा बढि रकमको खरिद कार्य गरेको रु.३६७४७१५। अनियमित देखिएको रु.

| भौ.नं/मिति | फर्मको नाम | कर बाहेकको रकम |
|---|---|---|
| १७५,१७६,७२,२९६,४७९ | शुभम अर्डर सप्लायर्स | २१८६७१४ |
| ६६,२५०,२५३,१४३ | आभ्यान कम्प्यूटर सप्लायर्स | १४८८००१ |
| | जम्मा | ३६७४७१५ |

| | |
|---|---|
| अनियमित भएको | ३६,७४,७१५ |

## ३९ गैरसरकारी संस्था मार्फत कार्यक्रम संचालन

गैर सरकारी संस्थाहरुमार्फत कार्यक्रम संचालन सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउनका लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्ने, सार्वजनिक निकायले दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको, मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा प्रस्ताव माग गरी पारदर्शी रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समूह तथा वर्गको कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्नका लागि छनौट भएको गैर सरकारी संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शी रहेको पाइएन । सोझै संस्था छनौट गरेको पाइयो । कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त, लागत अनुमान तयार नगरी संस्थाले पेश गरेकै लागत अनुमानको आधारमा कार्यक्रम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड समेत स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सही पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी कार्यक्रमको छनौट गर्नु पर्दछ ।

| गो भौ नं मिति | सेवा प्रदायक | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ५४१-०८२-३-०१ | सहयोगी हात हरुको समुह,सहास नेपाल | सिचाई,खानेपानी,कृषि,लधु उधम सम्बन्धि कार्य | १०००००० |
| ५८३-०८२-३-०६ | गोल्डेन मल्टि बिजनेश एण्ड ट्यूसन सेन्टर | युवायुबतीहरुलाई लागु औषध नियन्त्रण सम्बन्धि जनचेतना तथा प्रशिक्षण कार्यक्रम | ७७२००० |
| | जम्मा | | १७७२००० |

## ४० खरिद कारवाहीको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति चालु रहेका लागत अनुमान देखि भुक्तानी सम्म प्रयोग हुने ठेक्का सम्झौता लागयत फाइल खडा गरी कम्तीमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनसार यस वर्ष लागेका तथा बिगत बर्षमा भएका ठेक्का बन्दोबस्तका छुट्टै फाइल खडा गरी राखेको छैन । लेखापरीक्षणको क्रममा यस वर्ष ठेक्का बन्दोबस्त भइ केही सम्पन्न भएका तथा अधिकांश ठेक्का चालु रहेका फाइलहरुको ठेक्का फाइल, विड डकुमेन्ट सम्झौता लगायत विवरण प्राप्त नभएकोले सो सम्बन्धी खर्च यकिन तथा परीक्षण गर्न सकिएन ।

## ४१ बढि भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर ८६-०८२-१-०९ मा सेल्फीडाँडा फिल्ड निर्माण उपभोक्ता समिति मार्फत फिल्ड कटिङ्ग कार्य गर्दा सडकको नम्श प्रयोग गरी कार्य गरेको छ । सडक विभागबाट जारी भएको स्ट्याण्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ (दोस्रो संशोधन २०७८ समेत) को सेक्सन ९०५ को ९.१ मा माटो खन्ने कार्यको नम्श तथा सेक्सन नम्बर ९०५ को ९.२ मा १००० मिटर सम्म डिस्पोजल माटो कटिङ्ग सहित को नम्श रहेको छ । पालिकाले उक्त फिल्ड निर्माण कार्यमा कटिङ्ग कार्य ५१३८ घनमिटर प्रतिघनमिटर रु. १५४.३४ को दरले कटिङ्ग गरी कटिङ्ग परिमाण को ७० % हुने परिमाण ३५९६.६ घनमिटर १०० मिटर डिस्पोजल गरेको जनाई प्रतिघनमिटर रु. १७६.६९ को दरले मुल्याङ्कन गर्दा नम्श को सेक्सन नम्बर ९०५ को ९.२ अनुसार कटिङ्ग सहितको डिस्पोजल को दररेट भएकोले ३५९६.६ घनमिटर कटिङ्ग कार्यको प्रतिघनमिटर रु. १५४.३४ को दरले रु. ५५५०९९। दोहोरो हुन गएको छ । दोहोरो हुन गएकोल रकम समितिको जनश्रमदान १०.३४ प्रतिशत घटाउदा रु. ४९७७०१। बढि भुक्तानी भएकोले सेल्फीडाँडा फिल्ड निर्माण उपभोक्ता समिति बाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९४,७०१ |

४२ **निर्माण कार्यको लागत अनुमान**

सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १०(२) बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने ब्यबस्था छ । तर पालिकाले मेशिनबाट निर्माण सामाग्री संकलन, आधुनिक प्रबिधिको बिकास भई हाईड्रोलिक ट्रक तथा ट्याक्टर बिकास भइसकेकोमा निर्माण सामाग्री संकलन तथा लोड अनलोड मेशिन बाट हुने अबस्थामा सो को नम्स तयार गरी उल्लेखित नियम अनुसार कार्य गर्नुपर्नेमा मेनुअल निर्माण सामाग्री बालुवा, गिट्टि, ग्राभेल तथा ढुङ्गा लगायत सामाग्री संकलन गरी ढुवानी रकम समाबेश गरी सडक तथा भवन निर्माण को कार्य गरेको छ । कानुनको पालना तर्फ कार्यलयले ध्यान दिई खरिद कार्य मितब्ययी तथा प्रतिस्पर्धी बनाउनु पर्दछ ।

४३ **स्पेशिफिकेशन**

सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । साथै नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधक स्पेशिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरिक्षण वा परिक्षण गर्नुपर्ने व्यवस्था छ कार्यालयले उल्लेखित व्यवस्था अनुसार लागत अनुमान तयार नगर्नुका साथै फर्मको कोटेशन पेश गरी सबै भन्दा कम दररेट पेश गर्ने बाट सामान खरिद गरी फर्मले आपूर्ती गरेका सामान स्पेसिफिकेसन अनुसार भए नभएको प्राविधिक नाप जाँच समेत नगरी खर्च लेखेको छ । कानुनमा उल्लेखित ब्यबस्थाको पालना बेगर खरिद गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई खरिद कार्य गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका केहि उदाहरण देहायबमोजिम रहेका छन्

| **भौ.नं.** | **फर्मको नाम** | **रकम** |
|---|---|---|
| १७४-०८२-३-२५ | दिग्रुङ टेक्नोलोजिज बायोमेट्रिक प्रा.ली | २०३४०० |
| १४७-०८२-३-२३ | एस.एच.फर्निचर उधोग | १६९५०० |
| ६६-०८१-९-११ | आभ्यान कम्प्युटर सप्लायर्स | ८१३६० |
| ८-०८१-६-१० | कालिकोट मल्टि बिजनेश प्रा.ली | १४६९०० |

४४ **गिट्टिको दररेट**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ

। पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेट कायम गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले कति पए आयोजनामा निर्माण सामाग्री मानिस द्वारा कुटेको गिट्टि को दररेट जिल्ला दररेट मा उल्लेख नभएको ले डोलिडार को नम्श बाट मानिस द्वारा संकलन तथा फुटाएको प्रति धनमिटर दर तयार गर्दा प्रचलित दर भन्दा अस्वभाबिक बढि दररेट भएको देखिएको छ । यसले आयोजनाको लागत बडेको छ । पालिकाले स्थानिय पुर्बाधार सहयोग कार्यक्रममा संचालिय योजनामा जिल्ला दररेटमा उल्लेख भएको क्रशरबाट फुटाएको गिट्टि को दररेट मै दरबिश्लेषण कार्य गरी आयोजनाको कार्य गरेकोमा लेखापरीक्षण को नमुना छनौटको आधारमा निम्नानुसार योजनाको दर बिश्लेषण परिक्षण गर्दा बढि दर प्रयोग गरेको देखिएको छ । एकै निकायबाट तयार भएका योजनामा भिन्न भिन्न दररेट प्रयोग गरी निम्नानुसार योजनामा कार्य गरेको ले खर्च रकम मितब्ययी भएको छ भनि एकिन गर्न सकिएन । दररेट बढि प्रयोग बाट निम्नानुसार आयोजनाको रु.७१५१९२८ उपभोक्ता मार्फत कार्य गर्दा बढि लागत अनुमान तयार हुन गई सोहि अनुसार भुक्तानी भएको छ । पालिकाबाटै सन्चालित अन्य आयोजनामा जिल्ला दररेट अनुसार नै दर बिश्लेषण गरी कार्य भएकोमा प्राबिधिकलाई जिम्मेवार बनाई बढि दररेट प्रयोग गर्नुको कारण तथा सो बाट उपभोक्ता समितिलाई बढि भुक्तानी भएको रकम एकिन तथा असुल गरी पेश गर्नुपर्ने रु.

| **भौ.नं. मिति** | **समितिको नाम** | **कामको बिबरण** | **भुक्तानी रकम** | **प्रयोग दररेट(प्रति धनमिटर दर)** | **जिल्ला तथा अन्य पालिकाबाटै संचालित आयोजनामा प्रयोग दर ढुवानी बाहेक** |
|---|---|---|---|---|---|
| ३३-०८२-३-२४(प्रदेश पुजिगत) | राष्ट्रिय मा.बि ढिम्रिया भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | ३९१९२१० | १० एम.एम डाउन-१८७०५<br>२० एम.एम डाउन-१३००५ | १० एम.एम डाउन-३६७५<br>२० एम.एम डाउन-३१५० |
| ९२-०८२-१-२२(न.पा पुजिगत) | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १४०३१३८ | १० एम.एम डाउन-१८९८१<br>२० एम.एम डाउन-१३२८१ | १० एम.एम डाउन-३६७५<br>२० एम.एम डाउन-३१५० |
| १७६-०८२-३-२५(न.पा पुजिगत) | नगर भवन रंगरोगन तथा कम्पाउण्ड निर्माण उ.स | रंगरोगन तथा सडक ढलान | १८२९५८० | ४० एम.एम डाउन-६६५०<br>२० एम.एम डाउन-११४०० | ४० एम.एम डाउन-२९५०<br>२० एम.एम डाउन-३१५० |
| | जम्मा | | ७१५१९२८ | | |

| प्रमाण पेश नगरेको | ७१,५१,९२८ |
|---|---|

४५ **निर्माण कार्यको गुणस्तर**

सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ। कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य अधिकांश योजनामा गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको स्पेक अनुसारको आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणला्इ अनिवार्य गर्नु पर्दछ ।

४६ **निर्माण सामाग्री**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली ,२०७७ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरि वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्यसमेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नुपर्ने ब्यबस्था छ । पालिकालाई यू.एस.ए.आई.डि अन्तरगत कर्णाली खानेपानी आयोजनाको परियोजना खारेजी भई सो आयोजनाले पालिका भित्र संचालन गरेका आयोजनाको लागी खरिद गरेका रु.१५२७०६८। मुल्य बराबरका निर्माण सामाग्री सिमेन्ट, पाईप,फिटिङ्ग सामाग्री लगायत मिति २०८२-२-५ मा पालिकालाई सम्झौता गरी हस्तान्तरण गरी बुझाएकोमा उल्लेखित ब्यबस्था अनुसार सामाग्री पालिकामा दाखिला भएको छैन । निर्माण सामाग्री जिन्सी आम्दानी गरी सम्बन्धित कार्यमा प्रयोग गरेको प्राबिधिक प्रतिबेदन पेश गर्नुपर्दछ ।

४७ **बीमा गराउनुपर्ने**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा उपभोक्ताले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने कतिपए सम्झौतामा बिमाको व्यवस्था भएकोमा निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश गरेको देखिएन। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

४८ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।

यस कार्यालयले सडक निर्माण कार्य अन्तर्गत माटो कटान, ग्राभेल तथा सब बेश को कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

४९ **उपभोक्ता समिति परिचालन**

पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको, प्रत्येक चरणको गुणस्तर प्रमाण संलग्न नगरेको, बर्षेनी खण्ड खण्डमा आयोजनाको काम भएकोमा एकिकृत नापी किताब र आयोजनागत एकिकृत खर्च विवरण तयार नगरेको लगायका कमजोरीहरुका कारण उपभोक्ता समितिबाट भएका सबै कार्य मितव्ययी र गुणस्तरीय तवरले समयमै भएको छ भनी आश्वस्त हुन सकिएन । उपभोक्ता समिति परिचालन सम्बन्धी देखिएका निम्नानुसारका कमजोरीहरु समयमै सुधार गरी उपभोक्ता समिति परिचालन कार्यलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत देखिन्छ । साथै मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ।

• सवै प्रकारका आयोजनाको प्रत्येक चरणमा गुणस्तर प्रमाण संलग्न नगरेको ।

• उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको ।

• लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको ।

• लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको ।

• पालिकाको योजना संचालन, कार्यान्वियन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण तथा उपभोक्ता समिति परिचालन सम्बन्धी निर्देशिका बनाई कार्यान्वियनमा नल्याएको ।

• उपभोक्ता समितिले सञ्चालन गरेका कतिपय आयोजनाहरुमा अनुगमन समितिले अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग नगरेको र सबै आयोजनामा अनुगमन समिति संयोजक सहित सबै पदाधिकारीले अनुगमन नगरेको ।

• उपभोक्ता समितिले आयोजना फरफारकको लागि पेश गरेको डोर हाजिर प्रमाणित नगरेको र कार्य सम्पन्न शुरु हुनु भन्दा अघिको र कार्य सम्पन्न पश्चातको फोटो मिति समेत खुलाई राख्ने नगरेको ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

भवन, सिचाई जस्ता एउटै आयोजना बर्षेनी खण्ड खण्डमा बजेट विनियोजन गरी कार्यान्वियन गरेकोमा सो को एकिकृत आयोजनागत खर्च विवरण र एकिकृत नापि तयार नगरेको ।स साना भवन जस्ता संरचनामा केही खण्डको मात्र कार्य गराई कार्य सम्पन्न तयार गर्ने गरेको ।

### ५० **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राबिधिक नाप जाच गरी बास्तबिक कार्यसम्पादनको आधारमा बिल र विजकको भुक्तानी गर्नुपर्ने ब्यबस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर २६-०८२-३-२५(संघिय पुजिगत) मा मुसेखोला तुसारीकुला झोलुङ्गे पुल संग नगरपालिका १३ प्रतिशत, झो.पु तर्फ ८५ प्रतिशत र समिति २ प्रतिशत लागत ब्यहोर्ने गरी सम्झौता भई कार्य हुदा मुसेखोला तुसारीकुला झोलुङ्गे पुल उपभोक्ता समितिलाई खुद काम रु. ५९२५६८.९० हुदा संघिय पुजिगतबाट उल्लेखि सम्झौता बमोजिम रु. ५०३६८२। भुक्तानी हुनुपर्नेमा रु. ५१७६५९। भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम रु. १३९७७। सम्बन्धित समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,९७७ |

### ५१ **उपभोक्ता समितिबाट सीमा भन्दा बढीको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने र उल्लेखित एक करोड रुपैंया सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सी वापतको रकम समावेश नगरी लागत अनुमान तयार गरेर उपभोक्ता समितिबाट निर्माण कार्य गरेको देखियो। सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था अनुसार रु.१ करोड भन्दा बढि लागत अनुमान भएको निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुनेगरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ । कार्यालयले उपभोक्ता समितिबाट गराएको निर्माण कार्यको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिजेन्सीको रकम

समावेश गर्दा एक करोड रुपैंयाभन्दा बढी हुने भएकाले एक करोड रुपैंया भन्दा बढीको निर्माण उपभोक्ता समितिबाट गराएको कार्य जुन नियमावलीको व्यवस्था अनुकुल देखिदैन । सिमा भन्दा बढि रकमको कार्य उपभोक्ताबाट गराउने कार्य नियन्त्रण गरी नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धा गराएर खर्च रकम मितब्ययी तथा पारदर्शी गर्नुपर्ने देखिन्छ ।

| **भौ.नं./मिति** | **उपभोक्तासमिति** | **कामको बिवरण** | **खुद काम** | **स्वीकृत लागत अनुमान** | **ओभरहेडर मूल्य अभिवृद्धी समेतको लागत अनुमान** |
|---|---|---|---|---|---|
| **स्थानिय पुर्वाधार सहयोग कार्यक्रम तर्फ** | | | | | |
| ८-०८२-३-२५ | नाम्मा बजेडी चौर सडक स्तर उन्नती | सडक ढलान | ७८४३९१६ | ८८६७७४६ | ११५२३६३५ |
| १६-०८२-३-२५ | महाबै थान नारवाडा सडक | सडक निर्माण | ८२८८६५४ | ८८६७६२३ | ११५२३४७६ |

## ५२ न्यूनतम दररेट

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री स्थानिय आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा जिल्ला दररेटलाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

## ५३ शैक्षिक संस्थाहरुलाई सहायता

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वियन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा शैक्षिक संस्थाहरुलाई सहायता खर्चमा रु. ३७३००००। आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी रु. ३४२०९०० खर्च गरेको छ । नगरसभाबाट विस्तृत रुपमा योजनागत तथा कार्यक्रमगत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाले पटक पटक निर्णय गरी बिभिन्न भौचरबाट खर्च गरेको नियमित देखिएन ।

## ५४ कालिका आधारभुत बिध्यालय

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नम्बर ३१-०८२-३-२४(प्रदेश पुजिगत) बाट प्रदेश बाट कालिका आ.बि तिलागुफा-११ को लागी बिनियोजित १० लाख बजेट बाट बिध्यालयको प्रस्ताब लिई सो बिध्यालयले लागत अनुमान समेत तयार नगरी कोटेशनको मार्फत निम्नानुसार सामाग्री खरिद गरी बिध्यालयको जिन्सी खातामा सामान दाखिला भएको प्रमाण समेत संलग्न नगरी रु. १००००००। खर्च गरेको छ । जुन प्रयोजनको लागी बजेट बिनियोजन भएको हो सो कार्यमा खर्च भएको एकिन तथा खरिद भएका सामाग्री बिध्यालयले जिन्सीमा आम्दानी बाधि सहि प्रयोग गरेको सुनिश्चितता गर्नुपर्ने रु.

| फर्मको नाम | सामानको बिबरण | रकम |
|---|---|---|
| बोहरा फर्निचर उधोग | दराज,टेबल,कुर्सि,पिफर्म लगायत फर्निचर सामाग्री | ३९१४९४ |
| आभ्यान कम्प्युटर सप्लायर्स | ल्यापटप,प्रिन्टर,इन्भटर,राउटर लगायत | ६१६६१२ |
|  | जम्मा | १००८१०६ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ५५ खेलकुद कार्यक्रम

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(6) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०(2) मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्था अनुसार मितव्ययिता नीति अवलम्बन तथा मापदण्ड तयार नगरी राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा लागत अनुमान तयार समेत नगरी एकमुष्ट रुपमा कर्मचारी, ब्यक्ती तथा फर्मलाई पालिका शिक्षा चालु तर्फको निम्नानुसार गोश्वारा भौचरबाट रु. ३२८४२९०। भुक्तानी गरी खर्च लेखेको छ । पालिका तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रम वार्षिक रुपमा सन्चालन हुने भएकोले कार्यालयले खर्च को मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ । रु १ लाख भन्दा बढीको होटल सेवा खरिद गर्दा निश्चित मापदण्डको आधारमा लागत अनुमान तयार गरी र न्यूनतम दर माग गरी प्रतिस्पर्धात्मक रुपमा सेवा खरिद गर्नुपर्नेमा नगरेको, रु २० हजार भन्दा बढीको खरिद मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा सहभागिलाई खाजा, खाना, होटल बास, यातायात खर्च लगायतमा अधिकांश पान बिल संलग्न गरी खर्च गरेको रकम सम्बन्धमा बास्तविकता एकिन गरी खर्च रकम मितब्ययी तथा प्रभाबकारी भएको सुनिश्चितता गर्नुपर्दछ ।

| भौ.नं. मिति | फर्म। ब्यक्ती | रकम |
|---|---|---|
| पालिका शिक्षा चालु तर्फ |  |  |
| ६६-०८२-३-२१ | शिवराज शाही ३ | ५८२९१० |
| ६३-०८२-३-२० | नबिन्द्र बहादुर हमाल | १०९७५५० |
| १४-०८१-९-७ | श्री राष्ट्रिय मा.बि | ५०००० |
| ७०-०८२-३-२४ | श्री महादेब माध्यमिक बिध्यालय, फोइकोट | २००००० |
| १५-०८१-९-११ | सिन्चेन स्टेशनरी एण्ड पुस्तक पसल | ६३२८० |
| २३-०८१-११-० | नबिन्द्र बहादुर हमाल | ४७९८५० |
| २७-०८१-११-०५ | तिब्रिकोट फुटवल क्लब | ५०००० |
| ३८-०८२-१-७ | अमित कुमार साउद माझि | ७००००० |
| ४२-०८२-२-३० | श्री महादेब माध्यमिक बिध्यालय, फोइकोट | ५०००० |
| ६०-०८२-३-१९ | पुजा हार्डवेयर एण्ड सप्लायर्स | १०७०० |
|  | जम्मा | ३२८४२९० |

## ५६ शिक्षक विद्यार्थी अनुपात

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलगन गरी समभाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत रहेका ३६ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार शिक्षकको दरबन्दी, राहत, संघीय अनुदान र नगर अनुदान गरी जम्मा शिक्षक २५८ कार्यरत रहेका छन्।उक्त विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको कुल संख्या ५६४७ रहेको छ । यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात प्राप्त विवरणबाट निम्नानुसारको देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ ।

| सि.नं | विद्यालयको नाम | कुल शिक्षक संख्या (दरवान्दी, राहत, अनुदान) | कुल विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | मालिका मावि,नाग्म | १४ | २०९ | १:१४ |
| २ | जगनाथ आवि,घडेरा | ४ | ५३ | १:१३ |
| ३ | कालिका आवि,ढाँडभिग्म | ५ | ५९ | १:११ |
| ४ | जनता आवि,चौरभिग्म | ४ | ४६ | १:११ |
| ५ | दुर्गा मावि,रतडा | १५ | ३२८ | १:२१ |
| ६ | जनसेवा आवि,देवारतोली | ४ | ५० | १:१२ |
| ७ | महादेव मावि,फोइकोट | २२ | ७६७ | १:३४ |
| ८ | कालिका मावि,राँचुली | १५ | २९० | १:१९ |
| ९ | जालपदेवी आवि,धनडा | ३ | २३ | १:७ |
| १० | लालिगुराँस आवि,देउरुख | ३ | ३५ | १:११ |
| ११ | कालिका मावि,खल्ला | १२ | २४९ | १:२० |
| १२ | ज्वाला आवि,खल्लागाड | २ | १५ | १:७ |
| १३ | सत्यदेवी आवि,नैसेरा | ६ | १२४ | १:२० |
| १४ | सत्यदेवी मावि,जुविथा | १४ | ३०९ | १:२२ |
| १५ | कालाशिल्ला आवि,बाली | ४ | ४३ | १:१० |
| १६ | जनजागरण आवि,टाकुल्ला | ४ | ३४ | १:८ |
| १७ | कालिका मावि, छाप्रे | १६ | ५३३ | १:३३ |
| १८ | महावै आवि,छाप्रे | ४ | ९८ | १:२४ |
| १९ | कलशा आवि,छाप्रे | ५ | ११८ | १:२३ |
| २० | देउतीमाडू आवि,छाप्रे | ७ | १८७ | १:२६ |
| २१ | हेर्नेमाडू आवि,ओखरभिट्टा | ४ | ९९ | १:२४ |
| २२ | नैनेलदेव मावि,ओखरभिट्टा | १४ | २०७ | १:१४ |
| २३ | सरस्वती आवि,ओखरभिट्टा | ४ | ५२ | १:१३ |
| २४ | सत्यनारायण आवि,लुभ्र | ४ | २२ | १:५ |
| २५ | सरस्वती आवि,भात्तडी | ४ | ४४ | १:११ |
| २६ | तिलाभागिरथी आवि,हुस्के | ४ | ४९ | १:१२ |
| २७ | कालिका आवि,सियाँला | २ | ३४ | १:१७ |
| २८ | मष्टा आवि,परबाडा | ५ | ९६ | १:१९ |
| २९ | शिवालय मावि,चिल्खाया | १७ | ६५३ | १:३८ |
| ३० | महादेव मावि,रुडू | ८ | २८० | १:३५ |

| | | | | |
|---|---|---|---|---|
| ३१ | कालिका आवि,रानाबाडा | ३ | ६२ | १:२० |
| ३२ | जनता आवि,ढिम्निया | ४ | १०१ | १:२५ |
| ३३ | सरस्वती आवि, ढिम्निया | ३ | ४९ | १:१६ |
| ३४ | राष्टिय मावि, ढिम्निया | १३ | २२९ | १:१७ |
| ३५ | जनज्योती आवि,मष्टमाडू | ३ | ४० | १:१३ |
| ३६ | कालिका आवि,कामखेत | ३ | ६० | १:२० |

## ५७ जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु.९६१०१४ रकम बिध्यालयलाई खर्च गरेकोमा खरिद गरेको सामाग्रीको सम्बन्धि जिन्सी खातामा सामान दाखिला गरेको प्रमाण संलग्न नगरी खर्च गरेको देखीयो । सम्बन्धित बिध्यालयमा सामान दाखिला गरेको प्रमाण पेश गर्नेपर्ने रु.

| भौ.नं./मिति | बिध्यालयको नाम | बिबरण | रकम |
|---|---|---|---|
| १७०-०८२-३-२५ | श्री सत्यदेबि माध्यमिक बिध्यालय | फलामे डेक्स बेन्च २८ सेट | ३४८५१४ |
| ७०-०८२-३-२५(शिक्षा चालु) | श्री महादेब माध्यमिक बिध्यालय,फोइकोट | काठको डेक्स बेन्च २५ सेट | २८७५०० |
| १०१-०८२-२-३० | श्री महादेब माध्यमिक बिध्यालय,फोइकोट | डेक्स बेन्च-७ सेट | १२५००० |
| १०६-०८२-३-०१ | श्री कालिका माध्यमिक बिध्यालय,राचुली | डेक्स बेन्च-२० सेट | २००००० |
| | जम्मा | | ९६१०१४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,६१,०१४ |

## ५८ शैक्षिक तथ्यांक

पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित आ.ब.२०८१/८२ को कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ ।विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS) २०८१ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउन पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा पालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा पालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।

## ५९ हिमाली आवाशिय विद्यालय

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाण, पुष्ट्याई, कागजातको आधारमा लेखा राख्नुपर्ने व्यवस्था रहेकोमा तिलागुफा नगरपालिकाले श्री महादेव माध्यामिक विद्यालय, फोईकोटलाई हिमाली आवाशिय छात्रावास (विशेष शिक्षाका कक्षा र अनाथ बालबालीकाका लागि) भनी सो विद्यालयको नाममा रु. १०००००० (दश लाख) निकासा भएकोमा रु. ३७४३८७ को मात्र विल भरपाई रहेको ले खर्च गरेको पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,६१२ |

६० **शैक्षिक प्रतिवेदन**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ ।पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।

६१ **विद्यालय व्यवस्थापन अनुदान**

कार्यान्वयन पुस्तिका २०८१।८२ बमोजिम यस पालिका ३६ विद्यालयलाई सार्वजनिक परीक्षण, वित्तिय लेखापरीक्षण, एस आई पि निर्माण, ईन्टरनेट बापत अनुदान दिएकोमा सामुदायिक विधालयहरुले पारदर्शिता र जवाफदेहिता सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन साथै विद्यालयले एस आई पि निर्माण, ईन्टरनेट जडान, वित्तिय लेखापरीक्षण नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

६२ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

६३ **स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन)**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १४५८ जना रहेका छन। प्रति प्याड ६३।६० का दरले २१०१० थान स्यानिटरी प्याड रु १३३६३०५ (मु अ कर समेत) मा खरिद गरेको छ। गत विगतमा के कति मौज्दात वाँकी रहेको र हाल विद्यालयलाई कति आवश्यक पर्दछ एकीन गरी स्यानिटरी प्याड समयमा नै विद्यालयलाई वितरण गर्नुपर्ने देखिन्छ।साथै खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्नुपर्दछ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

६४ **घटि पारिश्रमिक कर कट्टी गरेको**

आय कर ऐन २०५८ को दफा ८७ मा रोजगारीको आयमा अनुसुची १ वमोजिम कर कट्टी गर्नु पर्ने उल्लेख छ तर पालिकाले कर योग्य आय भएको देहाय अनुसारको कर्मचारीहरुको कर कट्टा गर्ने छुट भएको देखिएकोले असुल गरी संघिय संचितकोष दाखिला हुनुपर्ने रु.

| सि.न | कर्मचारीको नाम | पद | पारिश्रमिक करयोग्य आय | कर रकम |
|---|---|---|---|---|
| १ | लक्ष्मण प्रसाद चौलागाई | जनस्वास्थ्य अधिकृत | १४९२०५ | १४९२० |
| २ | मनराज शाही | सि अहेव | ५०२५० | ५०२५ |
| ३ | पद्मा कुमारी शाही | सि अहेव | ८२५३५ | ८२५३ |
| ५ | जनक बहादुर शाही | सि अहेव | ३३१७८ | ३३१७ |
| ६ | सिर्जना शाही | हे अ | २५८११ | २५८१ |
| ७ | मिनराज शक्ति शाही | हे अ | २५८११ | २५८१ |
| ८ | जितेन्द्र बहादुर शाही | हे अ | ५१४५० | ५१४५ |
| ९ | भिमराज शाही | सि अहेव | ३३१७८ | ३३१७ |
| जम्मा | | | | |

( ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१४,९२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,२५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,१४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,३१७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,९२३ |

६५ **औषधि खरिद**

पालिकाले यस वर्ष शशर्त अनुदान र चालु तर्फदवाट बिभिन्न फर्म बाट रु. ३२२७३२४ को औषधि खरिद गरेको पाइयो । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वियन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले खरिद गरिएको औषधिमा आंशिक मात्रामा मात्र नि:शुल्क वितरण गरिने छाप लगाएको पाइयो । पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी वाधि नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।

| गो भौ नं/ मिति | फर्मको नाम | खरिद आईटम | भुक्तानी |
|---|---|---|---|
| ३०।२०८१।८।२७ | हाम्रो सर्जिकल हाउस | १० | २९१४९४ |
| ६५।२०८१।१०।२२ | तारा गंगा मेडिसिन सप्लायर्स | १७ | २६११८० |
| ९९।२०८२।१।३ | मिष्ठी फर्मा प्रा ली | ४३ | ६६८८०० |
| २६३।२०८२।३।२५ | चंखेली मेडिकल स्टोर | ११ | ५०५८५० |
| २९९।२०८१।१०।२२ नपा चालु | तारा गंगा मेडिसिन सप्लायर्स | | ५००००० |
| ३४।२०८२।०१।०३ नपा चालु स्वास्थ्य | जग्रु फर्मा स्युटिकल्स प्रा ली | | १०००००० |
| | जम्मा | | ३२२७३२४ |

६६ **शिक्षक तलव भत्ता**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट पालिका बाट नियुक्त करार शिक्षकको तलब भत्ता बितिय समानिकिकरण बाट रु. १३२९९००। खर्च गरेको छ । समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता खर्च लेखेको उचित देखिएन ।

| **भौ.नं. मिति** | **बिध्यालयको नाम** | **बिवरण** | **रकम** |
|---|---|---|---|
| ६७-०८१-६-१५ | राष्ट्रिय मा.बि ढिम्रिया | खेल शिक्षक | १३०००० |
| ३३२-०८१-११-०२ | श्री नैनलदेब मा.बि ओखरभिट्टा | शिक्षक | २००००० |
| ५४३-०८२-३-०१ | कालिका माध्यामिक बिध्यालय राचुली | शिक्षक तलब | ९९९९०० |
| | **जम्मा** | | **१३२९९००** |

६७ **नगर शिक्षक अनुदान**

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले शैक्षिक संस्थाहरुलाई सहायताको रुपमा विधिन्न विद्यालयमा करार शिक्षक नियुक्त गरी तलब भत्ता रु. १२८४२७८० खर्च लेखेको गरेको छ । समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता खर्च लेखेको उचित देखिएन ।

६८ **सामाजिक सुरक्षा**

६८.१ निष्कृय खाताको विवरण- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राही को विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ ।लेखापरिक्षण अवधिभर सो सम्बन्धित विवरण माग गर्दा उपलब्ध हुन नसकेकोले निष्कृय खाताको अवस्था एकिन हुन सकेन ।

६८.२ पारदर्शिता कायम गर्नु पर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राख्नु पर्नेमा राखेको छैन् । सामाजिक सुरक्षा भत्ता

वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

६८.३ अनुगमन तथा निरीक्षण सम्बन्धि व्यवस्था- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७(३) नगरपालिका प्रमुखले वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नु पर्ने व्यवस्था भएता पनि पालिकामा यस प्रकारको अनुगमन तथा निरीक्षण गरीएको अभिलेख देखिएन।

६९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले १८ वटा व्यवसाय दर्ता तथा ३५ वटा व्यवसाय नवीकरण शुल्क र १ वटा दर्ता खारेजी बापत रु. १५२००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

७० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | मौज्दात |
|---|---|---|---|---|
| १ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,००,०००.०० | ०.०० | ०.०० |
| २ | ११३१३ - सम्पती कर | १२,००,०००.०० | ५,६४०.७४ | ११,९४,३५९.२६ |
| ३ | ११३१४ - भुमिकर/मालपोत | ०.०० | १६,९१,९६३.१३ | ०.०० |
| ४ | ११३१७ - वहाल कर | ३,००,०००.०० | ३,४८,२८५.०९ | (४८,२८५.०९) |
| ५ | ११४५२ - पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १,००,०००.०० | ०.०० | ०.०० |
| ६ | ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ३१,७००.०० | ०.०० |
| ७ | ११६९१ - अन्य कर | ०.०० | ६०,०००.०० | ०.०० |
| ८ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ४७,५००.०० | ०.०० |
| ९ | १४२२१ - न्यायिक दस्तूर | ०.०० | २००.०० | ०.०० |
| १० | १४२२४ - परीक्षा शुल्क | ०.०० | ३,६००.०० | ०.०० |
| ११ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ९३,०००.०० | ०.०० |
| १२ | १४२४२ - नक्सापास दस्तुर | ०.०० | ९,३४१.०० | ०.०० |
| १३ | १४२४३ - सिफारिश दस्तुर | ५,००,०००.०० | ४,६०,६५०.०० | ३९,३५०.०० |
| १४ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | ९४,८००.०० | ०.०० |
| १५ | १४२४५ - नाता प्रमाणित दस्तुर | ०.०० | ७,६००.०० | ०.०० |
| १६ | १४२४९ - अन्य दस्तुर | ४,००,०००.०० | २१,५००.०० | ३,७८,५००.०० |
| १७ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | १,४६,५००.०० | ०.०० |
| १८ | १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | ०.०० | १२,०००.०० | ०.०० |
| १९ | १४६११ - व्यवसाय कर | ०.०० | १०,७९२.०० | ०.०० |
| २० | १५१११ - बेरूजू | १,००,०००.०० | १,७३,९७२.३० | (७३,९७२.३०) |
| २१ | १५११२ - निकासा फिर्ता | ०.०० | १,११९.०० | ०.०० |
| | | २९०००००० | ३२२०१६३.२६ | १४,८९,९५१.८७ |

सुत्र सफ्टवेयरको आयव्यय विवरण र एकीकृत आर्थिक विवरणमा उल्लिखित आन्तरिक आयको विवरण फरक फरक रहेको, पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सवैलाई करको दायारामा ल्याउँदै राजस्वको हिसाव व्यवस्थित गर्नुपर्दछ ।

७१ **राजस्व दाखिला**

कार्यालयले यसवर्ष रु. ३२२०१६३ राजश्व असुली गरेकोमा राख्नुपर्ने मलेप फारम नं लगायतका अभिलेख नराखेको, प्राप्त राजश्व रसिदबाट सिधै बैँक दाखिला गरी बैँक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको र प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा आन्तरिक रुपमा परीक्षण भिडान गर्ने गरी दैनिक र मासिक आम्दानी रजिस्टर राख्ने व्यवस्था नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुन सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

७२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आयको तुलनामा खर्च प्रतिशत |
|---|---|---|
| संघ: ३०७९८८४९९ | ३२२०१६३ | १.०४५ |
| प्रदेश: २९३५५७९३ | | १०.९७ |
| जम्मा: ३३७३४४२९२ | ३२२०१६३ | ०.९५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ७३ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ रु.२९ लाख आन्तरिक आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा मालपोत, बहाल कर, सिफारिस दस्तुर, अन्य दस्तुर, व्यवसाय कर लगायतबाट रु. ३२२०१६३ अर्थात अनुमानको १११ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका संभाव्य स्रोतहरुको समेत पहिचान गरी आयको यथार्थपरक अनुमान बनाई योजनाबद्ध तरिकाले पालिकाको आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

### ७४ राँचुली अस्पताल

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ३५मा प्रत्येक कार्यालयले आय-व्यय तथा कारोवारको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७७ मा स्थानीय तहले आफ्नो आय-व्ययको महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाको वडा नं ४ मा अवस्थित नगर अस्पताल राँचुली संचालन तथा व्यवस्थापन संबन्धी छुट्टै कानुनी व्यवस्था भएको देखिएन । अस्पताल पालिकाको स्वामित्वमा संचालन तथा व्यवस्थापन भईरहेको छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहयोगमा नियमित विशेषज्ञ सेवा संचालन हुँदै आएको यस अस्पतालको आर्थिक कारोबारको छुट्टै स्वतन्त्र लेखापरीक्षण भएको पाइएन । अस्पताल प्रशासनसँग गत विगत वर्ष र यो वर्षको आय व्यय लगायतका वित्तीय विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन माग गरेकोमा पेस भएन । पालिकाबाट यो अस्पताल संचालनको लागि नगरपालिका श्रोतको स्वास्थ्य चालुतर्फ नरअस्पताल संचालन तथा व्यवस्थापन तर्फ (तलव, भत्ता) कार्यक्रमका लागि रु ६९ लाख ४२ हजार विनियोजन भएकोमा कुल रु. ६९,३४,५७६।७० खर्च भएको छ भने अस्पतालमा रहेको एक्स रे संचालन गर्नका लागि पालिका पुँजीगततर्फ एक्सरे मेशिन संचालनका लागी सफ्टवयेर जडान कार्यक्रममा रु ५ लाख बजेट विनियोजन गरी रु. ४,६५,१४७।०० खर्च लेखांङ्कन गरिएको छ । सो बाहेक औषधि लगायत विभिन्न खर्च शीर्षकमा पटके रुपमा दिएको अनुदानको खर्चका कागजात पालिकाको श्रेस्तासाथ पेस भए तापनि अस्पतालले संचालन गरेको ओपिडी सेवा, प्रयोगशाला, रेडियोलोजी सेवा, औषधी बिक्रि, विरामीलाई गरेको उपचारको सेवा जस्ता विभिन्न सेवा दिए बापत विभिन्न शीर्षकमा आम्दानी गरेको आन्तरिक राजस्व पालिकाको खातामा दाखिला गरेको विवरण तथा आम्दानी गरेको रकमबाट खरिद लगायतमा गरेको खर्चको विवरण माग गरेकोमा नेपाल इन्भेष्टमेन्ट बैंक, नाम्मा शाखामा नगर अस्पताल राँचुलीको नाममा रहेको चल्ती खाता नं०६२०१०५०२५८५१७ को २०८१।४।१ देखि २०८२।३।३२ सम्मको बैंक स्टेटमेन्ट मात्र पेस भएको छ । उक्त स्टेटमेन्ट बमोजिम आर्थिक वर्षको शुरुमा रु. ५२१८४२।०० मौज्दात रहेको, सो मा रु.७९७९७०।०० थप भएको र सोबाट रु. ४३२३१५।०० खर्च भै अन्त्यमा रु.८८७४९७।०० मौज्दात बाँकी रहेको देखिन्छ । सो स्टेटमेन्ट बाहेक आमदानी र खर्च स्पष्ट खुल्ने आर्थिक विवरणलगायतका कागजात पेस नभएको र लेखा परीक्षणसमेत गराएको नदेखिएकाले अस्पतालको आम्दानी, खर्च तथा कोषको कारोवारको श्रेष्ता कागजात प्रमाण अद्यावधिक गरी लेखापरीक्षण गराउनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : तिलागुफा नगरपालिका, कालिकोट , तिलागुफा नगरपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देव किरण बुढा | २०८०-९-६ | २०८२-१-२७ |
| कार्यालय प्रमुख | Laxman Prasad Chaulagain | २०८२-२-२५ | २०८२-१०-१० |
| लेखा प्रमुख | पुर्ण नन्द चौलागाई | २०८०-९-६ | २०८१-८-२२ |
| लेखा प्रमुख | Bharat DC | २०८१-८-२३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७८९,२५२ | ४,२३६,७८३ | १०,७३२,९५४ | ० | ० | २,४५०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,२०८,९८९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | १,११९,६५१ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १७,०८९,३३८ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९२५०८२१.० | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३००४८५९६३ | चालु खर्च | ३२७८२८२६९ |
| प्रदेश सरकारबाट अनुदान | ४२२६४००० | पूँजीगत खर्च | ८०३५२९२३ |
| राजश्व बाँडफाँट | ८३९७०८०४ | वित्तीय/अन्य व्यवस्था | १४५२९४२७२ |
| आन्तरिक आय | ३५८०८९६.० | | |
| अन्य आय | १२५९२०१४७ | | |
| कुल आय | ५५६२२१८१०.० | कुल खर्च | ५५३४७५४६४ |
| बाँकी मौज्दात | | ११९९७१६७ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्तिर भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.सं./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गतआ.ब.को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रोपक्ष भुक्तानी (सोभ्कै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोभ्कै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ८,६१,०८,३९३.३६ | ० | ८,६१,०८,३९३.३६ | ७,९३,३८,१३४.६७ | ० | ७,९३,३८,१३४.६७ |
| १३००० | अनुदान | ३४,२७,३७,८०४.५० | ० | ३४,२७,३७,८०४.५० | ३३,३१,५८,८६२.१० | ० | ३३,३१,५८,८६२.१० |
| १४००० | अन्यराजस्व | ९,१९,६४१.४३ | ० | ९,१९,६४१.४३ | १२,८७,६८९.८३ | ० | १२,८७,६८९.८३ |
| १५००० | विविधप्राप्ति | १,७५,०९१.३० | ० | १,७५,०९१.३० | ११,१३,४७०.०० | ० | ११,१३,४७०.०० |
| क | **कुलजम्मा प्राप्ति** | ४२,९९,४०,९३०.५९ | | ४२,९९,४०,९३०.५९ | ४१,४८,९८,१५६.६० | | ४१,४८,९८,१५६.६० |
| ३ | चालु | ३२,७८,२८,२६८.७३ | ० | ३२,७८,२८,२६८.७३ | ३३,२८,१०,५७२.४५ | ० | ३३,२८,१०,५७२.४५ |
| २१००० | पारिश्रमिक / सुविधा | १५,१४,५१,६६७.९६ | ० | १५,१४,५१,६६७.९६ | १३,३४,७८,६७२.०२ | ० | १३,३४,७८,६७२.०२ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १४,०१,०९,७४७.५७ | ० | १४,०१,०९,७४७.५७ | १०,०५,२६,३९१.४३ | ० | १०,०५,२६,३९१.४३ |
| २५००० | सहायता (Subsidy) | २,६७,३५,२३९.२० | ० | २,६७,३५,२३९.२० | ८,३१,२४,४२७.०० | ० | ८,३१,२४,४२७.०० |
| २६००० | अनुदान | ० | ० | ० | ६८,६३,५०९.०० | ० | ६८,६३,५०९.०० |
| २७००० | सामाजिकसुरक्षा | ५७,४६,६३४.०० | ० | ५७,४६,६३४.०० | ५४,२८,७८८.०० | ० | ५४,२८,७८८.०० |
| २८००० | अन्यखर्च | ३७,८४,९८०.०० | ० | ३७,८४,९८०.०० | ३३,८८,७८५.०० | ० | ३३,८८,७८५.०० |
| ४ | पूंजीगत | ८,०३,५२,९२२.९४ | ० | ८,०३,५२,९२२.९४ | १०,१९,८२,२७२.५० | ० | १०,१९,८२,२७२.५० |
| ३१११० | भवनतथा संरचना | २३,२५,०५९.५० | ० | २३,२५,०५९.५० | ३,४७,६७४.०० | ० | ३,४७,६७४.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,४८,६५,८०७.०० | ० | १,४८,६५,८०७.०० | १,४२,३९,८८०.०० | ० | १,४२,३९,८८०.०० |
| ३११५० | सार्वजनिकनिर्माण | ६,३१,६२,०५६.४४ | ० | ६,३१,६२,०५६.४४ | ८,७३,९४,७१८.५० | ० | ८,७३,९४,७१८.५० |
| ख) | **कुलजम्मा भुक्तानी** | ४०,८१,८१,१९१.६७ | | ४०,८१,८१,१९१.६७ | ४३,४७,९२,८४४.९५ | | ४३,४७,९२,८४४.९५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | २,१७,५९,७३८.९२ | | २,१७,५९,७३८.९२ | (१,९८,९४,६८८.३५) | | (१,९८,९४,६८८.३५) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | (२४,२०,९४१.१७) | | (२४,२०,९४१.१७) | १६,६३,१४६.९६ | | १६,६३,१४६.९६ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | -७५,७०६.७० | | -७५,७०६.७० | -६,२९७.०० | | -६,२९७.०० |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | १,९३,३८,७९७.७५ | | १,९३,३८,७९७.७५ | (१,८२,३१,५४१.३९) | | (१,८२,३१,५४१.३९) |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | १,२८,३८,०७८.९२ | | १,२८,३८,०७८.९२ | २,७८,६०,९४३.३५ | | २,७८,६०,९४३.३५ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३,२१,७६,८७६.६७ | | ३,२१,७६,८७६.६७ | ९६,२९,४०१.९६ | | ९६,२९,४०१.९६ |

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | पेश्की संकेत नं | खर्च उपशिर्षक | चालु आ. व. म्याद ननाघेको रकम | चालु आ. व. म्याद ननाघेको फछ्र्यौटको अन्तिम म्याद | चालु आ. व. म्याद नाघेको | गत आ. व.सम्मको म्याद ननाघेको रकम | गत आ. व.सम्मको म्याद ननाघेको फछ्र्यौटको अन्तिम म्याद | गत आ. व.सम्मको म्याद नाघेको | जम्मा बाँकी पेश्की म्याद ननाघेको | जम्मा बाँकी पेश्की म्याद नाघेको | जम्मा बाँकी पेश्की जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५=(९+१२) | १६=(११+१४) | १७=(१५+१६) |
| १ | कर्मचारी | | | | | | | | | | | | | | | |
| १ | २०८१/११/०६ | ७५ | नगर कार्यपालिकाको कार्यालयमा सोलार तथा ब्याकअप खरिद तथा जडान | रतन सिह नेपाली | सहायक चौथौ | | ३११२२ | ०.०० | २०८१/१२/१२ | ६,००,०००.०० | ०.०० | | ०.०० | ०.०० | ६,००,०००.०० | ६,००,०००.०० |
| २ | २०८२/०३/२१ | ७१५ | सभा सञ्चालन खर्च | चक्रप्रसाद अधिकारी | कम्प्युटर अपरेटर | | २२७२१ | ३७,५९०.०० | २०८२/०४/२४ | ०.०० | ०.०० | | ०.०० | ३७,५९०.०० | ०.०० | ३७,५९०.०० |
| जम्मा | | | | | | | | ३७,५९०.०० | | ६,००,०००.०० | ०.०० | | ०.०० | ३७,५९०.०० | ६,००,०००.०० | ६,३७,५९०.०० |
| २ | ठेकेदार | | | | | | | | | | | | | | | |
| १ | २०८१/०४/०१ | ७९ | सम्पूरक साझेदारी प्रदेश (पानीखाल देखि चिम्मलचौर सम्म सडक निर्माण वडा नं ३) | मञ्जु एण्ड रञ्जु निर्माण सेवा | | | ३११५१ | ०.०० | | ०.०० | ०.०० | २०८२/०३/३२ | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ३,००,०००.०० |
| जम्मा | | | | | | | | ०.०० | | ०.०० | ०.०० | | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ३,००,०००.०० |
| ३ | संस्थागत | | | | | | | | | | | | | | | |
| १ | २०८१/०४/०१ | ७९ | समपुरक कोष साझेदारी | डाइमण्ड निर्माण सेवा | | | ३११५९ | ०.०० | | ०.०० | ०.०० | २०८२/०३/३२ | १८,८२,०००.०० | ०.०० | १८,८२,०००.०० | १८,८२,०००.० |
| २ | २०८१/०६/१५ | ५ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | श्री कालिका माध्यमिक विद्यालय छाप्रे | | | २२५२२ | ०.०० | २०८१/०७/२० | ५०,०००.०० | ०.०० | | ०.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० |

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | पेश्की संकेत नं | खर्च उपशिर्षक | चालु आ. व. | | | गत आ. व.सम्मको | | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | | | | | | | | रकम | फछ्यौंटको अन्तिम म्याद | | रकम | फछ्यौंटको अन्तिम म्याद | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५=(९+१२) | १६=(११+१४) | १७=(१५+१६) |
| ३ | २०८१/०९/१३ | ६७ | सुधारिएको चुलो वितरण वडा नं ९,१० र ११ | जगदम्बा इन्जिनियरिङ वर्कस | | | ३११२२ | ०.०० | २०८१/१०/१९ | १६,००,०००.०० | ०.०० | | ०.०० | ०.०० | १६,००,०००.०० | १६,००,०००.०० |
| ४ | २०८१/०९/१३ | ६८ | सुधारिएको चुलो वितरण वडा नं ९,१० र ११ | जगदम्बा इन्जिनियरिङ वर्कस | | | ३११२२ | ०.०० | २०८१/१०/२० | २,००,०००.०० | ०.०० | | ०.०० | ०.०० | २,००,०००.०० | २,००,०००.०० |
| जम्मा | | | | | | | | ०.०० | | १८,५०,०००.०० | ०.०० | | १८,८२,०००.०० | ०.०० | ३७,३२,०००.०० | ३७,३२,०००.०० |
| ४ | उपभोक्ता समिति | | | | | | | | | | | | | | | |
| १ | २०८१/०४/०१ | ७९ | गादोपाण्ड्रे देखी वडा कार्यालय सम्म सडक स्तर उन्नती तथा ग्रावल निर्माण आयोजना | गादेपाड्ने देखि वडा कार्यालय सम्म सडक उन्नती उपभोक्ता समिति | | | ३११५१ | ०.०० | | ०.०० | ०.०० | २०८२/०३/३२ | ५५,४१४.०० | ०.०० | ५५,४१४.०० | ५५,४१४.०० |
| २ | २०८१/०४/०१ | ७९ | आवासीय भवन निर्माण/खरिद | चडाखाने देखी हुस्के खानेपानी निर्माण मर्मत योजना उ.स. | | | ३११११ | ०.०० | | ०.०० | ०.०० | २०८२/०३/३२ | ८६,०००.०० | ०.०० | ८६,०००.०० | ८६,०००.०० |
| ३ | २०८१/०४/०१ | ७९ | दाना ज्यूला लिफ्ट सिंचाई आयोजना | दाना ज्युला लिफ्ट सिंचाई योजना उ.स | | | ३११५५ | ०.०० | | ०.०० | ०.०० | २०८२/०३/३२ | ३६,०१४.०० | ०.०० | ३६,०१४.०० | ३६,०१४.०० |

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | पेश्की संकेत नं | खर्च उपशिर्षक | चालु आ. व. | | | गत आ. व.सम्मको | | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | | | | | | | | रकम | फछ्र्यौटको अन्तिम म्याद | | रकम | फछ्र्यौटको अन्तिम म्याद | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५=(९+१२) | १६=(११+१४) | १७=(१५+१६) |
| ४ | २०८२/०२/३० | १०० | नारुपानी हुदै छाप्रे सडक योजना | नारु पानी हुँदै छाप्रे सडक निर्माण योजना उपभोक्ता समिति | | | ३११५१ | ६,००,०००.०० | २०८२/०४/०२ | ०.०० | ०.०० | | ०.०० | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० |
| जम्मा | | | | | | | | ६,००,०००.०० | | ०.०० | ०.०० | | १,७७,४२८.०० | ६,००,०००.०० | १,७७,४२८.०० | ७,७७,४२८.०० |
| | | | | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | ६,३७,५९०.०० | | २४,५०,०००.०० | ०.०० | | २३,५९,४२८.०० | ६,३७,५९०.०० | ४८,०९,४२८.०० | ५४,४७,०१८.०० |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।